# लेखक परिचय

**कृष्ण अधिकारी** मार्टिन चौतारीका मिडिया अनुसन्धानकर्ता हुनुहुन्छ।

**केशवराज पराजुली** पोखराबाट प्रकाशित *जनमत* दैनिकका पूर्व सम्पादक हुनुहुन्छ। उहाँ प्रेस काउन्सिल नेपालको सदस्य पनि हुनुहुन्छ।

**चन्द्रकिशोर** वीरगञ्जस्थित स्वतन्त्र पत्रकार हुनुहुन्छ। उहाँका स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरूमा समाचार र लेखहरू प्रकाशित छन्।

**चन्द्रमणि अधिकारी** धरानस्थित महेन्द्र बहुमुखी क्याम्पसमा प्राध्यापन गर्नुहुन्छ। उहाँ धरानबाट प्रकाशित *आरसी* साप्ताहिकका प्रकाशक/सम्पादक हुनुहुन्छ।

**देवराज हुमागाईंले** नेपालको धर्म र स्वास्थ्य क्षेत्रमा हुने गरेको चन्दादान एवं मिडियासम्बन्धी अनुसन्धान गर्नु भएको छ।

**डा. देवीप्रसाद ओझा** इतिहासकार हुनुहुन्छ। उहाँ *सुदूरपश्चिममा जनचेतनाको विकास र २००७ सालको इतिहास* पुस्तकका लेखक हुनुहुन्छ।

**पूर्णलाल चुके** नेपालगञ्जबाट प्रकाशित *जनमत* अर्ध-साप्ताहिकका सम्पादक हुनुहुन्छ।

**प्रत्यूष वन्त**को सह-सम्पादनमा *छापामा महिला, नेपाली मिडियामा दलित तथा जनजाति, छापामा दलित* एवं *छापामा जनजाति* पुस्तकहरू प्रकाशित छन्।

**प्रमोद प्रधान** राससको मेची अञ्चल प्रमुख हुनुहुन्छ। उहाँ *केही अध्ययन केही अनुसन्धान* र *नेपाली बालसाहित्यको इतिहास* पुस्तकका लेखक हुनुहुन्छ।

**वसन्तध्वज जोशी** बुटवलबाट प्रकाशित हुने *एक्सरे* साप्ताहिकका प्रकाशक/सम्पादक हुनुहुन्थ्यो। उहाँ उक्त साप्ताहिकलाई काठमाडौंबाट प्रकाशन गर्ने तरखरमा हुनुहुन्छ।

**भास्कर गौतम** मार्टिन चौतारीका मिडिया अनुसन्धानकर्ता हुनुहुन्छ। उहाँको सह-सम्पादनमा *छापामा जनजाति* पुस्तक प्रकाशित छ।

**मोहनकाजी न्यौपाने** विर्तामोडबाट प्रकाशित *विवेचना* दैनिकका सह-सम्पादक हुनुहुन्छ।

**शेखर पराजुली** मार्टिन चौतारीका मिडिया अनुसन्धानकर्ता हुनुहुन्छ। उहाँको सह-सम्पादनमा *नेपाली मिडियामा दलित तथा जनजाति* पुस्तक प्रकाशित छ।